अनुसूची ४

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

**चन्द्रपुर  नगर कार्यपालिकाको कार्यालय**

**चन्द्रनिगाहापुर, रौतहट**

**सम्पत्ति विवरण दाखिला फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
चन्द्रपुर नगर कार्यपालिकाको कार्यालय,
रौतहट

महोदय,

यस नगरपालिकाको मिति २०……. गते प्रकाशित सूचनाअनुसार मैले र हामीले सम्पत्ति कर मूल्यांकनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छौं । यस बमोजिम नगरपालिकाले सम्पत्ति कर निर्धारण गरिदिएमा मेरोरहाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झूट्टा ठहरे नगरपालिकाको निर्णय तथा कानुन बमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

**क) सम्पत्ति धनीको विवरण**

१. जग्गारघरधनीको नाम र थर :

२. बाबु वा पतिको नाम र थर :

३. बाजे वा ससुराको नाम र थर :

४. पेसा रव्यवसाय :

५. घर जग्गाधनी बसोबास गर्ने

न.पा. र गा.पा. :

वडा नं. :          टोल रबस्ती रघर नं. :

टेलिफोन नं. :                    मोबाइल नं.

इमेल:

६. सम्पत्तिधनीको पारिवारिक विवरण :

क्र. सं.परिवारका सदस्यहरूको नाम          सम्पत्ति धनीको नाता

१.

२.

३.

**ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण**

दस्तखत :

नाम र थर :

ठेगाना :

जग्गारघरधनीको नाता :

मितिः

**ग) सम्पत्तिको विवरण :**

**१. भौतिक संरचनाको विवरण :**

| संरचना रहेको कि. नं. | संरचनाको प्रकार (घर र गोदामर टहरा र पर्खाल) | संरचनाको | | | | | भौतिक संरचनाको विवरण | | प्रयोगकर्ता (स्वयं र भाडा) | कैफियत (घर नं. आदि खुलाउने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तल्ला | लम्वाई | चौडाई | क्षेत्रफल (वर्गफुट वा रनिङ फिट) | बनेको मिति | संरचनाको बनोटको किसिम (बनोट र छाना खुलाउने) | संरचनाको प्रयोग (व्यार औ र स ंर घ) | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**घ. कार्यालयले भर्ने :**

१) करदातावाट चुक्ता गर्नुपर्ने घरजग्गा कर, मालपोत वा भूमिकर, धरधुरी कर रसिदको प्रतिलिपि पेस नभएकोमा नगरपालिकाबाट भएको प्रमाणित :

| कर शीर्षक | प्रमाणीत विवरण | प्रमाणित गर्नेको दस्तखत र मिति |
|---|---|---|
| मालपोत वा भूमिकर | | |
| घरधुरी कर | | |
| घरजग्गा कर (नलाग्ने वा चुक्ता) | | |

२) नक्सापास गरी बनाएको संरचनाको हकमा नगरपालिकाको प्राविधिकबाट भएको प्रमाणित :

| संरचनाको विवरण | संरचनाबनेको मिति | वर्गफिट वा रनिङफिट | प्रमाणित गर्नेको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

३) यस विवरणसाथ संलग्नकागजातहरू ।

क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि : छ र छैन ।

ख) कर बुझाएको रसिदको प्रतिलिपि : छ र छैन ।

ग) सम्पत्तिधनीउपस्थितहुननसकेमानिजले दिएको मञ्जुरीनामा : छ र छैन ।

घ) अन्यकागजातहरू :

<u>नगरपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरू :</u>

क) नगरपालिकाले सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र यस फारामअनुसार आआफ्नो जग्गा तथा संरचनाको सत्यतथ्य विवरण भरी नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरिदबिक्री वा संरचना निर्माणको कारणले सम्पत्ति थपघट भएमा सोको प्रमाणसहितको विवरण पैंतीस (३५) दिनभित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

ग) नगरपालिकाले तोकेको समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला नगरेमा नगरपालिकाले थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

घ) सम्पत्तिको विवरण सम्पत्तिधनी स्वयंले नगरपालिकामा दाखिलागर्नु पर्नेछ । कुनै कारणबस धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोल परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्तिधनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् ।

ङ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्तिधनीहरूले संयुक्तरूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन् ।

च) सम्पत्ति करकालागि करदाताले नगरपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा नगरपालिकाले सम्पत्तिको मूल्यांकन गर्नेछ ।

छ) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनःमूल्यांकन गरी जरिबाना सहितको कर रकम असुलउपर गरिनेछ । यस्तो जरिबाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने रकमको प्रतिवर्ष ५० प्रतिशतले हुनआउने रकम बराबर हुनेछ ।

ज) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानीने छ ।

**विवरण दाखिला गर्नेको दस्तखत :**